स्थानीय तहबी

सभाबाट पारित हुँदा उक्त ऐनमा राष्ट्रिय समन्वय परिषद् र प्रदेश समन्वय परिषद्मा स्थानीय सरकारका प्रतिनिधिहरूको

प्रतिनिधित्व गराउँदा संस्थागत प्रतिनिधित्व सुनिश्चित र अधिकतम स्वीकार्य हुने उहाँले बताउनु भयो।

सम्पर्क : ९८४२४७०४

## पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बाग्मती प्रदेश, नेपाल

# चमेना गृह सञ्चालन सम्बन्धी सिलबन्द बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।३।१८

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको मिति २०७७।०३।०९ गतेको बैठकको निर्णय बमोजिम नगरपालिका हाता भित्र नगरपालिकाका कर्मचारी तथा सेवा ग्राहीको सुविधाको लागी चमेना गृह सञ्चालन गर्ने कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कार्य गर्न चाहने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त बन्देज**

१. यस सम्बन्धी दरभाउ पत्र फारम रू. १,०००।- (एक हजार मात्र) ( पछि फिर्ता नहुने) तिरी पाँचखाल नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०७७/०४/०१ गते सम्म) रूभित्र कार्यालय समय सम्ममा दरभाउ पत्र फारम खरिद गर्न र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (मिति २०७७/०४/०२ गते) दिनको रू२:०० बजे भित्रमा शिलबन्दी दरभाउ पत्र फारम पाँचखाल नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ साथै दर्ता भएका दरभाउपत्रहरू सोही दिन १:०० बजे पाँचखाल नगरपालिकाको कार्यालयमा खोलिने छ।
३. दरभाउ पत्रसाथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको नेपाल बैंक लि. पाँचखाल - ४ स्थित बैंक खाता नं. १२४०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रूपमा समावेश गरेको हुनुपर्ने छ।
४. उक्त सम्झौता प्रत्येक वर्षमा नविकरण गरिनेछ।
५. दरभाउ पत्रदाताले बढिमा आ.व. २०७८।०७९ सम्म दुई आर्थिक वर्षको लागि तथा नगर कार्यपालिकाको निर्णय बमोजिम बढीमा एक वर्ष म्याद थप गर्न सक्ने गरी उक्त कार्य गर्न पाउने गरी यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गरेको हुनुपर्नेछ।
६. स्वीकृत दरभाउपत्रवालाले आफुले कवोल गरेको ठेक्का रकम बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ। यसरी किस्ता किस्तामा ठेक्का रकम बुझाउने भएमा ठेक्का सम्झौता भएको एक हप्ताभित्र कबोल अंकको ३५% ले हुन आउने रकम यस कार्यालयमा बुझाई बाँकी रकम बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारि गरेको मिति २०७८ साल साउन १० गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै प्रस्तुत गरेको हुनुपर्ने छ ।
७. दरभाउ पत्रफारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ। साथै दरभाउ पत्र खोल्ने दिन दरभाउ पत्रदाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन।
८. संस्थागत आवेदकका हकमा आफु त्यस्तो दरभाउ पत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ। साथै नविकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७५।०७६ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ।
९. कुनै पनि दरभाउ पत्र विना कारण पूर्ण वा आशिक रूपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
१०. यो सूचना यस कार्यालयको website www.panchkhalmun.gov.np वा नगरपालिका कार्यालयको सूचनापाटीमा हेर्न सकिने छ।
११. यस सूचनामा नपरेका कुराहरूका हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र पाँचखाल नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम हुनेछ।

**कामको विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम वार्षिक कबोल अंक (मुअक बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | PMIR/03/2076/077 | पाँचखाल नगरपालिकामा चमेना गृह सञ्चालन गर्ने | रु.१०००००।- (एक लाख) | |

प्रमुख प्रशासकीय अधिकृत
लोक बहादुर भण्डारी




प्रा.फ.न.घ.: ५०४६/०७०/०७१